# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख ३० गते २०३७ साल

श्री ५ को सरकार

### राष्ट्रिय योजना आयोगको सचिवालयको

### सूचना

राष्ट्रिय जनगणना, २०३८ को प्रारम्भिक गणना (पाइलट सेन्सस) आदेश, २०३६

तथ्याङ्क ऐन, २०१५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो आदेशको नाम "राष्ट्रिय जनगणना, २०३८ को प्रारम्भिक गणना (पाइलट सेन्सस) आदेश, २०३६" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : यस आदेशमा "विभाग" भन्नाले केन्द्रीय तथ्याङ्क विभाग सम्झनुपर्छ ।

३. राष्ट्रिय जनगणना, २०३८ को प्रारम्भिक गणनाको लागि तथ्याङ्क सङ्कलन गर्न सक्ने: विभागले तोकेको कुनै खास अवधिभित्र नेपाल अधिराज्यको एकीन जनसंख्या, जनताको आर्थिक तथा सामाजिक तथ्यको चित्रणको साथै धर्म, बसाइँ, सराइ, शैक्षिक योग्यता, वैवाहिक स्थिति, मातृत्व तथा आम्दानी हुने काममा लागेका र नलागेका व्यक्तिहरूको विवरणसमेत प्राप्त


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्नको लागि विभागले २०३८ सालमा गरिने राष्ट्रिय जनगणनाको सन्दर्भमा अनुसूची-१ मा लेखिएको जिल्लाको गाउँ पञ्चायतहरूमा अनुसूची–२ बमोजिमको कुराहरू सोधी प्रारम्भिक जनगणनाको कार्य गर्न गराउन सक्नेछ ।

४. अधिकृत तथा कर्मचारीहरूको नियुक्ति र मनोनयन : विभागले दफा ३ बमोजिम प्रारम्भिक जनगणना गर्ने कामको लागि अधिकृत तथा कर्मचारीहरू नियुक्त गर्न वा तोक्न सक्नेछ ।

५. अधिकृत तथा कर्मचारीहरूको काम, कर्तव्य र अधिकारः (१) प्रारम्भिक जनगणनाको काम गर्ने अधिकृत वा कर्मचारीले आफूलाई तोकिएको जिल्ला वा क्षेत्रमा तोकिएको अवधि भित्र गई सम्बन्धित परिवारको मुख्य वा जिम्मेवार व्यक्तिसँग सोध-पुछ गरी अनुसूचीमा उल्लिखित कुराहरूसंग सम्बन्धित विषयको विवरणको सही जानकारी प्राप्त गरी विभागले तोकेको ढाँचाबमोजिम फाराममा उक्त विवरण भर्नु भराउनुपर्छ ।

(२) उप-दफा (१) बमोजिम प्राप्त विवरण वा भरिएको फारामहरूलाई प्रारम्भिक जनगणनाको काम गर्ने अधिकृत वा कर्मचारीले विभागले तोकेको अवधिभित्र तोकिदिएको अधिकृत वा कार्यालयमा बुझाउनुपर्छ ।

(३) उप-दफा (१) बमोजिमको काममा लागेको अवधिको निमित्त प्रारम्भिक जनगणनाको काम गर्ने अधिकृत वा कर्मचारीले श्री ५ को सरकारले तोकिदिएबमोजिम पारिश्रमिक र भत्ता पाउनेछ ।

६. प्रारम्भिक जनगणना गर्ने काममा सहयोग गर्नु पर्नेः प्रारम्भिक जनगणना गर्ने काममा विभाग र उक्त काममा लागेका अधिकृत वा कर्मचारीलाई सहयोग गर्नु श्री ५ को सरकारको सबै कार्यालय, सरकारी वा गैरसरकारी संस्थान र स्थानीय पञ्चायतको कर्तव्य हुनेछ ।

७. सङ्कलित तथ्याङ्कको उपयोग : सङ्कलित तथ्याङ्कलाई विभागले सम्पादन गरी त्यस्को आधारमा प्रारम्भिक जनगणनाबारे प्रतिवेदन तयार पारी श्री ५ को सरकारसमक्ष पेश गरी स्वीकृत भएपछि प्रकाशित गर्नेछ ।

तर प्रतिवेदन तयार भई प्रकाशित नहुँदै पनि विभागले उचित देखेमा सङ्कलित तथ्याङ्कबाट तयार गरिएको सामूहिक तथ्याङ्क पूरै वा आंशिक रूपमा विशेष अध्ययन वा अन्वेषण गर्ने व्यक्ति वा संस्थालाई शर्त तोकी उपलब्ध गराउन सकिनेछ ।

४४०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची– १
(दफा ३ संग सम्बन्धित)

| जिल्लाको नाम | गाउँ पञ्चायतको नाम |
|---|---|
| १. झापा | १. चारआली |
| | २. गौरीगञ्ज |
| २. सिन्धुली | १. कुशेश्वर दुम्जा |
| | २. रानीवास |
| ३. दोलखा | १. चिलँखा |
| | २. नाम्दु |
| ४. काठमाडौं | १. जोरपाटी |
| | २. नैकाप |
| ५. कपिलवस्तु | १. कृष्णनगर |
| | २. महाराजगञ्ज |
| ६. सुर्खेत | १. वीरेन्द्रनगर |
| | २. डँडागाउँ |

४८१

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–२
(दफा ३ संग सम्बन्धित)

(क)

### पारिवारिक लगत

१. घर क्रमसंख्या :–

२. परिवार क्रमसंख्या :–

३. घर परिवारको मूलीको नाम, थर :–

४. परिवारमा उपस्थित सदस्यसंख्या :–

५. ६ महीनाभन्दा बढी समयको लागि परिवारबाट अनुपस्थित सदस्य संख्या :–

६. २०३५ साल वैशाखदेखि ऐ. चैत्रसम्ममा परिवारमा भएको मृत्यु संख्या र मृतकको मृत्यु हुँदाको उमेर :–

७. परिवारको कुनै सदस्य शारीरिक तथा मानसिक कमजोरी भएको भए तिनको संख्या तथा उमेर:–

८. पेशा (कृषि तथा उद्योगसम्बन्धी) :–

९. जवाफ दिनेको सही :–

### व्यक्तिगत लगत

**कैफियत**

१. परिवारको व्यक्तिको नाम, थर :– — परिवारको प्रत्येक व्यक्तिको विवरण लिने ।

२. मूलीको नाम :–

३. लिङ्ग :–

४. उमेर :–

५. जन्मस्थल :–

६. यस जिल्लामा बसोबास गरेको अवधि :–

७. यस जिल्लामा बसोबास गर्नेको मुख्य कारण :–

८. नागरिकता :–

९. मातृभाषा :–

१०. धर्म :–

११. शैक्षिक योग्यता :– — ६ वर्ष वा सोभन्दा माथिको व्यक्तिको विवरण लिने ।

१० वर्ष वा सोभन्दा माथिको व्यक्तिको मात्र विवरण लिने ।

१२. वैवाहिक स्थिति :–

१३. भातृत्वक (जायजन्म) :–

१४. आम्दानी हुने काम गरेको नगरेको तथा सोको विवरण :–

आज्ञाले–

डा. नरसिंहनारायण सिंह

श्री ५ को सरकारको का. मु. सचिव

९८२

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।